फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्डः ७ संख्याः १ मितिः २०८१/०६/१८

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

## फलेवास नगरपालिका शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

कार्यपालिकावाट स्वीकृत मितिः २०८१/०६/१८

प्रमाणीकरण मितिः २०८१/०६/१८

**प्रस्तावनाः**

फलेवास नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरुमा लामो समयदेखि आबद्ध रहनुभएका प्राथमिक तहका श्रद्धेय गुरुहरुप्रति उच्च सम्मान गर्दै उहाँहरुले शिक्षण पेशामार्फत समाजमा पुऱ्याउनु भएको अनुकरणीय, अतुलनीय योगदानको उच्च कदर गर्दै शिक्षण पेशा प्रति प्रतिबद्ध भई प्रदान गर्नु भएको निस्वार्थ सेवाभावलाई जीवनपर्यन्त स्मरणीय बनाउने उद्देश्यले शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै शिक्षा सेवामा नव प्रतिभालाई प्रोत्साहन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ ले दिएको अधिकार प्रयोग गरी फलेवास नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**परिच्छेद- १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम "शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "कार्यपालिका" भन्नाले फलेवास नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

ख. "कार्यविधि" भन्नाले शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सम्झनुपर्छ।

ग. "दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत प्राप्त दरबन्दी सम्झनुपर्छ ।

घ. "नगरपालिका" भन्नाले प्रचलित कानुन बमोजिम गठन भएको फलेवास नगरपालिकालाई सम्झनुपर्छ।

ङ. "नगर प्रमुख" भन्नाले फलेवास नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले फलेवास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

छ. "प्रधानाध्यापक" भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी बहन गर्ने शिक्षकलाई सम्झनुपर्छ ।

ज. "शिक्षक" भन्नाले नेपाल सरकारको प्राथमिक तहको स्वीकृत दरवन्दी वा अनुदानकोटामा कार्यरत शिक्षक सम्झनुपर्छ ।

झ. "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई नगरपालिकाभित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनुपर्छ ।

ञ. "समिति" भन्नाले शिक्षक स्वर्णिम अवकाश योजना सहजीकरण समिति सम्झनुपर्छ ।

ट. "शिक्षा शाखा" भन्नाले नगरपालिकाको शिक्षा शाखा सम्झनुपर्छ ।

ठ. "आर्थिक प्रशासन शाखा" भन्नाले नगरपालिकाको आर्थिक प्रशासन शाखा सम्झनुपर्छ ।

ड. "शिक्षा विकास तथा समन्वय इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ, पर्वत सम्झनुपर्छ ।

## परिच्छेद- २

## कार्यक्रमका उद्देश्यहरु

३. शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रमका उद्देश्यहरूः

यस कार्यक्रमका देहाय बमोजिमका उद्देश्यहरु रहेका छन्ः

क.स्थायी सेवा २० वर्ष भन्दा लामो र अनुदान कोटामा १५ बर्ष लामो अवधि सेवा शिक्षण पेशामा निरन्तर आबद्ध भई शिक्षकहरुले शैक्षिक उन्नयनमा पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै सम्मान गर्ने ।

ख. शिक्षण पेशाप्रति प्रतिवद्ध भई सेवा पुऱ्याउनु भएका शिक्षकहरुलाई सामाजिक तथा मौद्रिक उत्प्रेरणा प्रदान गर्दै समाजमा सम्मानित नागरिकको रुपमा स्थापित गराउने ।

ग.नवप्रतिभालाई शिक्षण पेशामा आकर्षित गरी गुणस्तरीय शैक्षिक विकासका लागि टेवा पुयाउने ।

## परिच्छेद- ३

## कार्यक्रम कार्यान्वयन प्रक्रिया

४. फलेवास नगरपालिकाका शिक्षकहरुको स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन लागि देहाय बमोजिमको प्रक्रिया अवलम्वन गरिनेछः-

क. स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी हुन योग्यता पुगेका शिक्षकहरूलाई प्रोत्साहन गर्न आवश्यक सूचना प्रवाह गर्ने ।

ख. यस कार्यक्रममा सहभागी हुन चाहने तोकिएको योग्यता पुगेका शिक्षकहरूले अनुसूची १ को ढाँचामा तपसिलका कागजात सहित निवेदन माग गर्ने ।

१. नागरिकताको प्रतिलिपि,

२. नियुक्तिपत्रको प्रतिलिपि,

३. बढुवा नियुक्तिपत्रको प्रतिलिपि,

४. अनिवार्य अवकासको मिति खुल्ने कागजातहरु,

५. अध्ययन/असाधारण विदा/गयल कट्टी भएमा सो को विवरण,

६. सम्पूर्ण शैक्षिक योग्यताको कागजातका प्रतिलिपिहरु ।

७. स्वर्णिम अवकाश योजना स्वीकृत भएमा राजीनामा दिने प्रतिबद्धता पत्र ।

ग. सूचना प्रकाशन भएको अन्तिम मितिले १५ दिनभित्र प्राप्त आवेदन उपर छानबिन गरी सहजीकरण समितिले तोकिएको योग्यता पुगेका शिक्षकहरूको विवरण प्रकाशित गर्ने ।

घ. शिक्षक स्वर्णिम योजनामा सहभागी हुन पेश भएका आवेदनहरुको छनौट देहायका मापदण्डका आधारमा प्राथमिकता हुनेछ ।

१. बाँकी सेवा गर्ने अवधि

२. स्वास्थ्यको अवस्था

३. विद्यालयको दरबन्दीको अवस्था

४. शिक्षक विद्यार्थी अनुपात

५. निर्धारित दरबन्दीको अवस्था

६. विनियोजित वार्षिक बजेटको अवस्था ।

ङ. कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको सिफारिसका आधारमा कार्यपालिकाले शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रम स्वीकृत गर्ने छ ।

## परिच्छेद- ४

## कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन

५. शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रय कार्यान्वयन सहजीकरण समितिः-

फलेवास नगरपालिकाका शिक्षकहरूको स्वर्णिम अवकाशका लागि स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन सहजीकरण गर्न देहाय बमोजिमको एक शिक्षक स्वर्णिम अवकाश योजना सहजीकरण समिति तपसिल बमोजिम गठन गरिनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. शिक्षा शाखा प्रमुख -सदस्य

ग. शिक्षा विकास तथा समन्वय इकाईका प्रमुख वा प्रमुखले तोकेको कर्मचारी १ जना - सदस्य

घ. नगर प्रमुखले मनोनित गरेको नगर शिक्षा समितिको १ महिला सहित २ जना - सदस्य

ङ. आर्थिक प्रशासन शाखाको कर्मचारी १ जना - सदस्य

च. शिक्षा शाखाको अधिकृतस्तरको कर्मचारी - सदस्य सचिव

उक्त समितिको बैठकमा आवश्यकता अनुसार नगर प्रमुख, उपप्रमुख, कर्मचारीहरु र विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद- ५

## सहजीकरण समितिको काम कर्तव्य र अधिकार तथा सेवा सुविधा

६. "स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको काम, कर्तव्य र अधिकार तथा सेवा सुविधा तपसिल बमोजिमको रहनेछ ।

क. स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी हुन योग्यता पुगेका शिक्षकहरूलाई प्रोत्साहन गर्ने ।

ख. यस कार्यक्रम कार्यान्वयनका निम्ति १५ दिनको समयावधि तोकी सूचना प्रकाशित गर्ने ।

ग. कार्यक्रममा सहभागी हुन रितपूर्वक दर्ता भएका निवेदनहरू छानबिन गरी आवश्यक कारबाही किनारा गर्ने ।

घ. यस कार्यविधि बमोजिम सेवा सुविधा पाउन योग्य शिक्षकहरूको सेवा सुविधा किटानसहितको प्रतिवेदन कार्यपालिका समक्ष पेस गर्ने ।

ङ. कार्यपालिकामा स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयनका निम्ति तोकिए बमोजिमका अन्य कार्यहरू सम्पादन गर्ने ।

च. सहजीकरण समिति तथा आमन्त्रित व्यक्तिहरुले प्रचलित कानून बमोजिम बैठक भत्ता प्राप्त गर्नेछन् ।

छ. समितिको बैठक आवश्यकता अनुरुप बस्नेछ ।

ज. समितिले कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक परेमा उपसमिति निर्माण गर्न सक्नेछ ।

## परिच्छेद- ६

## गुनासो सुनुवाई सम्बन्धी व्यवस्था

७. स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन गर्दा कुनै गुनासो/उजुरी तोकिएको अवधिभित्र निवेदन दिन सकिने छ । तोकिएको अवधिभित्र पर्न आएका गुनासो/उजुरी आवश्यक छानविन गरी प्रचलित नियमानुसार काम कारबाही किनारा गरिने छ ।

## परिच्छेद- ७

## सेवा सुविधा सम्बन्धी व्यवस्था

८. शिक्षक स्वर्णिम अवकाश योजना समावेश हुने शिक्षकहरुको सेवा सुविधा सम्बन्धी व्यवस्थाः

क. स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी आवेदकहरुबाट अन्तिम सूचीमा रहेका आवेदकहरुले यस कार्यक्रम मार्फत प्रोत्साहन स्वरुप अनुसूची २ बमोजिमको सेवा सुविधा प्राप्त गर्ने छन् ।

ख. अनुसूची २ आर्थिक वर्ष २०८१।०८२ तथा शैक्षिक सत्र २०८१ को कार्यक्रममा मात्र लागू हुनेछ । अन्य आर्थिक वर्षको हकमा सहजीकरण समितिको निर्णयानुसार प्रोत्साहन रकम प्रदान गरिनेछ ।

ग. यस कार्यक्रममा अनुसूची २ मा रहेको प्रोत्साहन रकममा नगर कार्यपालिकाले थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ । यस कार्यक्रममा छनोट भएका सरोकारवालाहरूसँगको सहभागितामा सम्मान तथा अभिनन्दन कार्यक्रम आयोजना गरिनेछ ।

## परिच्छेद- ८

## विविध

९.विविध.

क. स्वर्णिम अवकाश योजना कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित कानुन बमोजिम हुने छ । साथै यस कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म बदर हुनेछ ।

ख. यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ ।

ग. थप आधार स्वर्णिम अवकाश योजना कार्यक्रम कार्यान्वयन सहजीकरण समितिले तय गर्न सक्नेछ ।

घ.  यो कार्यविधि नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

# अनुसूची- १
## निवेदन ढाँचा

मितिः २०८१/.../...

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
फलेवास नगरपालिकाको कार्यालय,
खानीगाउँ , पर्वत
गण्डकी प्रदेश नेपाल ।

विषयः **स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी सम्बन्धमा ।**

उपरोक्त विषयमा फलेवास नगरपालिकाद्वारा मिति .............. मा प्रकाशित सूचना अनुसार शिक्षक स्वर्णिम अवकाश योजना कार्यक्रममा सहभागी हुन योग्य भएकोले स्वेच्छिक रूपमा देहायको विवरण सहित यो निवेदन पेश गर्दछु ।

निवेदकको नामथरः
तहः
श्रेणीः
शिक्षक संकेत नं
स्थायी ठेगानाः
जन्म मितिः
अनिवार्य अवकास हुने मितिः २०... साल .... महिना ... गते ।         (नागरिकता वा शैक्षिक योग्यताको प्रमाणपत्रमध्ये जुन मिति अघि आउँछ सोको पूरा मिति उल्लेख गर्ने)
कार्यरत विद्यालयको नाम/ठेगानाः

**१ सेवा सम्बन्धी विवरणः**

| क्र.सं. | विद्यालयको नाम | नियुक्ति/सरुवा/ बढुवा मिति | कार्यरत अवधि | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | जम्मा | |
| | | | | | | |
| | | | | | | |

**२. अध्ययन, असाधारण बिदा र गयल कट्टी सम्बन्धी विवरणः**

| क्र.सं. | विवरण | अध्ययन/असाधारण/गयल कट्टी भएको भएमा मात्र | | | कैफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा अवधि | |
| | | | | | |
| | | | | | |

माथि उल्लेखित विवरण ठीक साँचो हो झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

दस्तखतः
नामः
फोन नं.

| | |
|---|---|
| | |
| बायाँ | दायाँ |

## अनुसूची २

**स्वर्णिम अवकाश योजना कार्यक्रममा छनोट भएका शिक्षकहरुलाई प्रदान गरिने प्रोत्साहन रकम सम्बन्धी विवरण**

| क्र. सं. | मिति/अवधि | एकमुष्ट रकम रु. |
| --- | --- | --- |
| १. | २०८२ श्रावणदेखि २०८३ आषाढ मसान्तसम्म अनिवार्य अवकाश हुनेको हकमा । | रु. १००,०००।- अक्षरुपी एक लाख रुपैंया मात्र । |
| २ | २०८३ श्रावणदेखि पछि जुनसुकै समयमा अनिवार्य अवकास हुनेको हकमा । | रु १,५०,०००।- (एक लाख पचास हजार रुपैंया मात्र ) । |
| ३ | अनुदान कोटा र करारमा नियुक्ति भई १५ वर्षभन्दा बढी सेवा गरेकाहरुको हकमा | रु १,५०,०००।- (एक लाख पचास हजार रुपैंया मात्र ) । |

**आज्ञाले**
**विष्णु प्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**